एक लाख भित्र भएमा "गा.वि.स. स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति" मार्फत स्वीकृत गरी सञ्चालन हुनेछन् भने प्रस्तावित क्रियाकलापहरूको लागत रू. एकलाख देखि तीन लाख भित्र भएमा "जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति" बाट स्वीकृत गरी सञ्चालन हुनेछन् । जिविसमा एक अधिकृत स्तरको कर्मचारी सम्पर्क व्यक्ति (Focal Person) को रूपमा रहनेछन् ।

### १४) द्रुत नतिजा पद्धति (Rapid Result Approach) भनेको के हो ?

द्रुत नतिजा पद्धति (Rapid Result Approach) कार्यक्रमको सफल खाका बनाउन र कार्यन्वयन गर्नका लागि एउटा प्रभाबकारी औजार हो । यसले सार्वजनिक सेवा प्रवाह, लक्षित समूह पहिचान, नागरिकप्रति जबाफदेहि कार्यक्रम सञ्चालन गर्दा देखा पर्ने विभिन्न समस्या र कमीलाई पहिचान गरी आवश्यक उपयाहरू समेत पहिचान गर्दछ । यो पद्धति अनुसार सामान्यतयाः क्रियाकलापहरू सय दिनमा सम्पन्न हुन्छन् । लक्षित समुदायबाट सहभागितात्मक रूपले लक्ष्य छनोट तथा नतिजा प्राप्तीका लागि सामूहिक पहल गरी क्रियाकलापहरू सञ्चालन हुन्छन जस्ले समग्र विकासका लागि राष्ट्रिय रणनीति तय गर्न समेत सघाउँछ । यस अवधारणा अन्तर्गत समुदायले पोषण कार्यक्रम तयार गर्नका लागि समुदाय स्तरमा सृङ्खलाबद्ध छलफल गर्दछन् र कार्यक्रम कार्यन्वयन शुरू भएको पचासौं दिनमा समीक्षा गरी सयौं दिनमा कार्यक्रम समापन गर्दछन् ।

### १५) यो पद्धति अनुसार कार्य गर्न कस्तो व्यवस्था गरिएको छ ?

यो पद्धति अनुसार सहभागितात्मक रूपले लक्ष्य छनोट गर्न, नतिजा प्राप्त गर्न, प्रगति समिक्षा गर्न र नतिजा प्राप्त भए नभएको अन्तिम समीक्षा गर्न सहजीकरणका लागि यसै कार्यक्रमको लागि नियुक्त "कोच" र सामाजिक परिचालकले सहयोग गर्नेछन् । उक्त प्रक्रियाका बारेमा निजहरूलाई तालिमको समेत व्यवस्था गरिनेछ ।

### १६) सयदिने लक्ष्य टोलीको बनावट कस्तो हुन्छ ?

सयदिने लक्ष्य टोलीमा ८ देखि १० जना ब्यक्तिहरू रहनेछन् । उक्त समूहमा लाभान्वित समूहका आधा र बाकि सदस्य समाजका सक्रिय व्यक्तिहरू वडा नागरिक मञ्चको भेलाबाट छनोट गरिनेछ ।

### १७) सयदिने लक्ष्य टोलीका सदस्यहरू सम्बन्धित वडाबाट नै हुनपर्छ?

सयदिने लक्ष्य टोलीका सदस्यहरू सम्बन्धित वडाबाट नै हुनपर्छ ।

### १८) आयोजना कार्यन्वयन गर्दा जिविस र गा.वि.स.लाई थप कार्यबोझ हुन्छ कि हुदैन ?

आयोजना अन्तर्गत नियुक्त भई आएका कोचहरूले गा.वि.स.मा पूर्णरूपमा सहयोग गर्छन । कार्यक्रम व्यवस्थापनलाई सजिलो बनाउन आवश्यक व्यवस्थापन सूचना प्रणाली व्यवस्था र अन्य समन्वय समेतको व्यवस्थाले स्थानीय निकायको सेवा प्रवाहको कार्यक्षमतालाई अझ प्रभावकारी बनाउँछ ।

### १९) आयोजना केन्द्रस्तरमा कसरी व्यवस्थापन गरिन्छ ?

यो आयोजना स्थानीय निकाय सहयोग शाखा अन्तर्गत सञ्चालित छ । स्वायत्त शासन समन्वय महाशाखा प्रमुख (आयोजना निर्देशक) को संयोजकत्वमा आयोजना व्यवस्थापन समूह रहने व्यवस्था छ । उक्त समूहमा स्थानीय निकाय सहयोग शाखा प्रमुख (उपसचिव) आयोजना संयोजक, लेखा अधिकृत, अनुगमन तथा मूल्यांकन अधिकृत, खरिद विज्ञ, सामाजिक परिचालन विज्ञ र पोषण विज्ञ रहने व्यवस्था छ । उक्त समूहले केन्द्रस्तरमा आयोजना व्यवस्थापन तथा स्थानीय निकायसँग समन्वय गरी आयोजना कार्यन्वयन गर्नेछ ।

### २०) आयोजना अन्तर्गत सामाजिक परिचालन कसरी हुन्छ ?

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका सामाजिक परिचालन निर्देशिका अनुसार यस आयोजनाको सामाजिक परिचालन गरिनेछ । सामाजिक परिचालक, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रको भूमिका महत्वपूर्ण रूपमा लिइएको छ । यस बाहेक राष्ट्रिय सेवा प्रदायक संस्था मार्फत नियुक्त हुने कोच र विभिन्न तहमा तेस्रो पक्ष मार्फत गरिने तालिमले यो आयोजनाको सामाजिक परिचालनलाई चुस्त बनाउने छ ।


**सम्पर्क:**

सुनौला हजार दिन
स्वस्थ जीवनको आधार

**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
स्थानीय निकाय सहयोग शाखा
**सुनौला हजार दिन आयोजना**
सिंहदरबार, काठमाडौं, फोनः ९७७-१-४२००३०४
फ्याक्स्: ९७७-१-४२००३०४
ई-मेलः lbss.shd.mofald@gmail.com


# 'सुनौला हजार दिन आयोजना'

## सामान्य जानकारी




नेपाल सरकार
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
स्थानीय निकाय सहयोग शाखा
सिंहदरवार, काठमाण्डौं

## ‘सुनौला हजार दिन आयोजना’ को बारेमा सामान्य जानकारी

### १) सुनौला हजार दिन आयोजना के हो ?

“सुनौला हजार दिन आयोजना-पोषणका लागि समुदायको क्रियाशिलता” विश्व बैंकको ऋण तथा अनुदान सहयोगमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सञ्चालित पोषण केन्द्रित आयोजना हो। आयोजना मार्फत स्थानीय समुदायमा बाल तथा मातृ कुपोषणलाई न्युनीकरण गर्न आवश्यक वस्तु तथा सेवाको पूर्तिका लागि वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध हुनेछ । लक्षित समुदायले सहभागितामूलक रूपले सय दिने पोषण कार्यक्रम छनोट गर्नेछन् । जस्तैः व्यक्तिगत सरसफाइ गर्ने बानीमा सुधार (खाना अघि र पछि हात धुने तथा चर्पीको प्रयोग र प्रयोगपछि साबुन पानीले हात धुने), गर्भवती भएको अवस्थामा धुम्रपान नगर्ने, घरभित्रको धुवाँ र वायुप्रदुषण कम गर्ने, शुद्ध तथा सफा खानेपानीको प्रयोग, बालिकाहरूको पढाइमा निरन्तरता, कम्तीमा २० वा २० वर्षपछि मात्र पहिलो गर्भधारण, गर्भवती भएको अवस्थामा भोजनमा विविधता तथा सुक्ष्म पोषणतत्वयुक्त उपभोगमा बृद्धि, स्तनपानमा सुधार तथा गर्भवती महिला र ६ देखि २४ महिनाका बालबालिकाहरूको पोषणमा सुधार जस्ता विभिन्न नतिजा प्राप्तिका लागि सय दिनमा गर्न सकिने स-साना कार्यक्रमहरू सञ्चालन हुनेछन् । आयोजना अन्तर्गत द्रुत नतिजा अवधारणामा आधारित सय दिने पोषण कार्यक्रमहरू कार्यन्वयन हुनेछन् । प्रभाव मूल्यांकन, तालिम, र अनुगमनका लागि बाह्य तेस्रो पक्ष, गैर सरकारी संस्था तथा अन्य सेवा प्रदायक संस्थालाई समेत समावेश गरिनेछ । आयोजना अवधि ५ वर्षको (सन् २०१२ अक्टोबर देखि २०१७ मार्च) हुनेछ । आयोजना सञ्चालन गर्न विश्वबैंकबाट ४० मीलियन अमेरिकी डलर सहयोग उपलब्ध हुनेछ ।

### २) “सुनौला हजार दिन” भन्नाले के बुझिन्छ र किन महत्वपूर्ण छ ?

“सुनौला हजार दिन” ले महिला गर्भवती भएको दिनदेखि बच्चा २ वर्ष उमेरसम्मको अवधिलाई जनाउँदछ । उक्त अवधि पोषण सुधार को उत्तम समय मानिन्छ र जोखिमको हिसाबले संवेदनशील पनि हुन्छ । पर्याप्त पोषक तत्वको अभाव भएमा शारीरिक बृद्धि, मस्तिष्क विकास, र भविष्यमा मानवीय पूँजी निमार्णमा प्रत्यक्ष असर पर्ने हुनाले उक्त अवधि पश्चात पोषणमा सुधार गर्न कठिन हुन्छ । पोषण सुधारको अवसरको रूपमा लिई उक्त अवधिलाई सुनौला हजार दिन भनिएको हो ।

### ३) आयोजनाको मुख्य लक्ष्य के हो ?

प्रजनन उमेर पुगेका महिलाहरु र दुई वर्षमुनिका बच्चाहरूको पोषणमा सुधार गर्नको लागि सामाजिक धारणा, व्यवहार र परम्परामा सुधार ल्याउनु नै यो आयोजनाको मुख्य लक्ष्य हो ।

### ४) आयोजनाको उद्देश्यहरू के के हुन ?

यो आयोजनाको उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

क) समुदायमा बाल कुपोषणको जोखिम कम गर्ने र पोषण सम्बन्धी सेवा तथा उत्पादनहरूको माग बढाउने जस्ता बानी व्यवहार र धारणामा परिवर्तन ल्याउने ।

ख) पहिलो गर्भवती हुने उमेरलाई कम्तीमा २० वर्ष सम्म ढिला गर्न र बच्चा जन्मान्तरको समयावधी बढाउनको लागि जनचेतना अभिबृद्धि गर्ने ।

ग) शौचलायको प्रयोग र प्रयोगपछि हातधुने, गर्भवती भएको समयमा धुम्रपान नगर्ने, घरभित्र प्रदुषण कम गर्ने, सफा खानेपानीको उपभोग, गर्भवती हुँदा पोषिलो खाना तथा सुक्ष्म पौष्टिक तत्वको उपयोगमा बृद्धि गर्ने, नवजात शिशुलाई स्तनपान तथा ६ देखि २४ महिना सम्मका बालबालिकाहरूको खानपान व्यवहारमा परिवर्तनका लागि जनचेतना अभिबृद्धि गर्ने ।

### ५) आयोजनाबाट को को लाभान्वित हुन्छन्?

यो आयोजनाबाट निम्नानुसारका समुदाय लाभान्वित हुनेछन्ः

» १५ देखि २५ वर्षसम्मका किशोरी तथा महिलाहरू,
» गर्भवती महिला तथा ६ महिना भित्र गर्भवती हुन चाहने महिलाहरू,
» ० देखि ६ महिना उमेरका बालबालिकाहरू र तिनीहरूको स्याहार गर्ने व्यक्तिहरू,
» ६ देखि २४ महिना उमेरका बालबालिकाहरू र तिनीहरूको स्याहार गर्ने व्यक्तिहरू,
» पोषण सम्बन्धी कार्यमा संलग्न समुदाय

### ६) आयोजना कुन-कुन जिल्लामा लागू भएको छ ?

यस आयोजना देहायका १५ जिल्लामा लागू भएको छ ।

क्लष्टर नं १ः ओखलढुङ्गा, खोटाङ, उदयपुर, सप्तरी, सुनसरी,
क्लष्टर नं २ः सिरहा, सिन्धुली, रामेछाप, धनुषा, महोत्तरी
क्लष्टर नं ३ः मकवानपुर, बारा, पर्सा, रौतहट, सर्लाही

### ७) उल्लिखित जिल्लाका सबै गा.वि.स.हरूमा आयोजना कार्यन्वयन हुन्छ ?

यो आयोजना अन्तर्गत १५ जिल्लाका २५% गा.वि.स.हरूमात्र समावेश हुनेछन् ।

### ८) प्रत्येक जिल्लाका गा.वि.स.हरू कसरी छनोट गरिएको छ ?

यो आयोजना अन्तर्गत प्रत्येक जिल्लाले विपन्न तथा सिमान्त वर्गका घरधुरी नक्साङ्कनको आधारमा २५% गा.वि.स.हरू छनोट गरिएको छ ।

### ९) सबै गा.वि.स.हरूमा एकै पटक कार्यक्रम लागू हुन्छ ?

यो आयोजना लागू हुने समावेश गा.वि.स.हरूलाई “पहिलो चरण” र “दाश्रो चरण” गरी दुई समुहमा विभाजन गरिएको छ । पहिलो चरणमा १४६ गा.वि.स.हरूमा कार्यक्रम लागू हुन्छ भने बाँकी १४६ गा.वि.स.हरूमा दोशो चरणमा कार्यक्रम शुरू हुनेछ।

### १०) यो आयोजना अन्तर्गत स्थानीय स्तरमा कस्तो संरचना हुन्छ ?

यो आयोजना वडा तहमा केन्द्रित भई कार्यन्वयन हुन्छ । प्रत्येक वडामा ८ देखि १० जनाको “सयदिने लक्ष्य टोली” गठन हुनेछ र उक्त समूहले लक्षित समूह पहिचान गरी कार्यक्रम कार्यान्वयन गर्नेछ ।

### ११) यो आयोजनामा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको भूमिका स्थानीय स्तरमा कस्तो हुन्छ ?

प्रत्येक वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र आफ्ना वडामा सयदिने लक्ष्य टोली” गठन लागि सदस्यहरूको छनोट र लाभान्वित समूहको पहिचान गर्नेछन् ।

### १२) आयोजना व्यवस्थापनमा जिल्ला र गा.वि.स. तहमा कस्तो संरचना रहेको हुन्छ ?

नेपाल सरकारको पोषण सम्बन्धी बहुक्षेत्रीय योजना अन्तर्गत व्यवस्था भएअनुसारको “पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति” जिल्ला र गा.वि.स. तहमा गठन हुनेछ र उक्त समितिवाट मुख्य रूपमा सयदिने पोषण कार्यक्रम स्वीकृती तथा अनुगमन हुनेछ।

### १३) आयोजना कार्यन्वयनको मोडालिटी के हो ?

यो आयोजना अन्तर्गतका पोषण कार्यक्रमहरू द्रुत नतिजा पद्धति (Rapid Result Approach) अनुसार सञ्चालन हुनेछ । वडा तहमा गठन हुने सयदिने लक्ष्य टोलीले यस आयोजनाको मुख्य क्षेत्र पोषण कार्यक्रम अनुसारको तय भएका सूची (Menu) का ३० लक्ष्यहरू छनोट गरी पोषण लक्षित सय दिनमा सम्पन्न हुने क्रियाकलापहरू सञ्चालन गर्दछन् । लक्ष्य अनुसार क्रियाकलापहरूको लागत रू